# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल


प.सं.:२०७६/७७
च.नं:

मितिः- २०७६/०९/२४

**पुस्तकालय उद्घाटन कार्यक्रम र कविता प्रतियोगिता आयोजना सम्बन्धी सूचना।**

सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आयोजनामा **राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीका** अवसरमा **पुस्तकालय उद्घाटन र गाउँपालिका स्तरीय खुला कविता प्रतियोगिताको** आयोजना गरिएकाले सहभागिताका निम्ति सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कार्यक्रम हुने मिति, स्थान र समयः**

मितिः २०७६/०९/२७ गते, आइतबार

समयः बिहान ११:०० बजे

स्थानः सत्यवती - ६, खैरेनी

**कविता प्रतियोगिताका नियमहरुः**

१) कविताको विषयवस्तु र भाव नेपाल एकिकरणकर्ता राजा **पृथ्वीनारायण शाहको योगदान तथा देशप्रेमको** भावले युक्त, प्रतियोगीद्वारा स्व-सिर्जित हुनुपर्नेछ।

२) प्रतियोगितामा सहभागी हुनको लागि **नेपाली भाषामा बढीमा ३०० शब्दसम्मको** कविता (गद्य वा पद्य) तयार गरी कविता वाचन अगावै शुद्दसँग लेखिएको वा टाइप गरिएको एक प्रती आयोजकसमक्ष पेश गर्नुपर्नेछ।

३) कुनै जात, जाति, धर्म, समुदायप्रति घृणा वा विद्वेश उत्पन्न हुने कवितालाई प्रतियोगितामा समावेश गरिने छैन।

**पुरस्कार र सुविधाः**

१) कविता प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्तवना स्थान प्राप्त गर्ने प्रतियोगीलाई क्रमशः६०००/-, ४०००/-,२०००/- र १०००/- नगद र प्रमाणपत्र उपलब्ध गराइनेछ।

२) प्रतियोगीलाई यातायात खर्च र सहभागी सबैलाई खाजा उपलब्ध गराइनेछ।

२०७६।९।२४

यादव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत


इमेलः-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेबसाइटः- www.satyawatimun.gov.np